
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण

## पञ्चवर्षीय रणनीतिक योजना

### आ.व २०८०/८१ देखि २०८४/०८५




# लेकवेशी नगरपालिका

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

(नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/०२/१५)

# विषय - सूची


| विवरण | पेज नं. |
|---|---|
| १. परिचय | १-२ |
| १.१ लेकवेशी नगरपालिकाको परिचय | २-३ |
| १.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना तर्जुमाको विधि तथा प्रकृया | ३-४ |
| १.३ लैससास परिभाषा - मुख्य शब्दावलीहरु | ४-७ |
| २. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सन्दर्भ विश्लेषण | |
| २. १ नगरपालिकाको लैससासको अवस्था | ७ |
| २.२ लक्षित वर्ग पहिचान | ७-८ |
| २.३ सरोकारवालाहरुको विश्लेषण | ८ |
| २.४ नगरपालिकाको लैससासको दृष्टिबाट सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौती विश्लेषण | ९-१३ |
| २.५ नगरपालिका र वडागत रुपमा लैससासमा प्रमुख समस्या तथा सवालहरु | १३-१४ |
| २.६ नगरपालिकाको लैससास रणनीतिको लागि मुख्य कार्यक्षेत्रहरु | १४ |
| ३. लेकवेशी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरु | १४-१५ |
| ४. रणनीतिको औचित्य वा आवश्यकता | १५ |
| ५. रणनीतिक योजनाको मुल्यमान्यता तथा सिद्धान्तहरु | १५-१६ |
| ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरणको नीतिहरु | १६ |
| ७. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणको रणनीतिहरु | १६-१७ |
| ८. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि कार्ययोजना | १९-३७ |
| ८. लैससास मूलप्रवाहीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्था | |
| ८.१. नगरपालिका स्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिको गठन | ३८ |
| ८.२. वडास्तरमा लैससास कार्यान्वयन तथा अनुगमन समिति गठन | ३८ |
| ८.३. नगरपालिका स्तरिय लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम,कर्तव्य र अधिकार | ३८ |
| ८.४. वडास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार | ३८-३९ |
| ८.५. बैठक, कार्यविधि र सेवा सुविधा | ३९ |
| ८.६ सम्पर्क व्यक्ति | ३९ |
| ९. लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन | ४० |
| ९.१ आर्थिक स्रोत | ४० |
| ९.२ मानवीय स्रोत | ४० |
| १०. अनुगमन तथा मूल्याङ्कन | ४०-४१ |
| ११. सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरु | ४१ |

## १. परिचयः

नेपाली जनताको त्याग, तपस्या र बलिदानका कारण नेपालमा राजनीतिक परिवर्तन भएको छ । जसको कारण नेपालको अन्तरिम संविधान २०६३ निर्माण भए देखी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई राज्यले मूल विषयको रुपमा लिदै आएको छ । दोश्रो संविधान सभाबाट २०७२ असोज ३ मा जारी भएको नेपालको संविधानको प्रस्तावनामा जातीय, लैङ्गिक लगाएतका सवै खालका विभेद अन्त्य गरी समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने कुरा नै उल्लेख गरिएको छ । भने धारा ४ मा नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर उल्लेख गरिएको छ ।धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ३९ मा बालबालिकाको हक, धारा ४० मा दलितको हक,धारा ४१ मा जेष्ठ नागरिकको हक,धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको, धारा ४२ मा सामाजिक न्यायको हकलाई मौलिक हकको रुपमा उल्लेख गरिएको छ । सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नु पर्ने व्यवस्था गरेको छ । धारा ५१ को खण्ड (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी १४ वटा विभिन्न महत्वपूर्ण नीतिहरु तय गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रतावनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । सो ऐनका अनुसार स्थानीय सरकार विशेष गरि स्थानिय तह र वडा समितिले खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने,योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्ने,महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने योजना छनौट गर्नु पर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने कुरा उल्लेख छ भने दफा २४ को उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सिमा र प्रकृयासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तर सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) मा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१६ देखि २०३० सम्म हासिल गर्ने गरि पारित गरेकी दिगो विकासको लक्ष्यहरुका १७ लक्ष्य र १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ वटा सूचकहरु रहेका छन्। जसलाई प्राप्त गर्नका लागि नेपालले ४७९ वटा सूचकहरु निर्धारण गरेको छ । जसले हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनको परिकल्पना गर्दछ र चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडी परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागी कोही पनि पछाडी नछुटुन भन्ने मुख्य सिद्धान्तलाई अङ्गीकार गरेको छ।

नेपालको पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) मा (क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण (ख) बालबालिका तथा किशोरकिशोरी (ग) ज्येष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ ।

नेपालको संविधान र अन्य प्रचलित कानूनमा उल्लेखित हक अधिकारलाई जनताले प्रत्यक्ष जीवनमा उपभोग गरेको अनुभुति गराई समाजमा दिगो शान्ति, सु-व्यवस्था कायम गर्नु हरेक तहका सरकारको जिम्मेवारी हो । समाजमा पछाडी पारिएका र परेका महिला, दलित, आदिवासी जनजाती, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्रलाई समावेशी सिद्धान्तका आधारमा स्थानीय तहका सबै नीति, योजना, कार्यक्रम तथा संरचनाका सबै अङ्गहरुमा समान सहभागी गराई लैङ्गिक समानता तथा सामाजिक समावेशीमैत्री नगरपालिका बनाउन आवश्यक देखिएकोले "**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण पञ्चवर्षीय रणनीतिक योजना**" तर्जुमा गरिएको छ।

## १.१. लेकवेशी नगरपालिकाको परिचयः

लेकवेशी नेगरपालिका कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिका देखि पुर्वी भागमा रहेको छ । वि.सं. २०७३ फाल्गुण २७ गतेका दिन साविकका ५ वटा गा.वि.स.हरु नेटा, साटाखानी, कल्याण, दशरथपुर र लेखफर्सा मिलेर बनेको हो । भौगोलिक रुपमा १८०.९२ वर्ग कि मी रहेको छ । यस नगरपालिकालाई प्रशासनिक रुपमा १० वटा वडामा विभाजन गरिएको छ ।

२०७८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ३१७१० रहेको छ । जस मध्ये महिलाको संख्या १६८३३ (५३.१) र पुरुषको जनसङ्ख्या १४८७७ (४६.९) रहेको छ । लेकवेशी नगरपालिकाको स्वास्थ्य प्रोफाइलका अनुसार जातीय रुपमा व्राहमण, क्षेत्री २८.१ प्रतिशत, दलित २०.४ प्रतिशत, जनजाती ४९.३ प्रतिशत, अन्य जाति ६.५ प्रतिशत र अन्यजाती २.१ प्रतिशत रहेको छ ।

उमेरको आधारमा जनसङ्ख्याको कुरा गर्दा यस नगरपालिकामा ४ वर्ष मुनिको जनसङ्ख्या २७१७ रहेको, ५ देखि ९ वर्ष सम्मको जनसङ्ख्या २९८२ रहेको, १० देखि १४ वर्ष सम्मको जनसंख्या ३५०६ रहेको छ भने १५ देखि ५९ वर्ष सम्मको जनसङ्ख्या १७९७ रहेको छ (जनगणना २०७८)।

अपाङ्गताको आधारमा यस नगरपालिकामा ३% अपाङ्गता भएका व्यक्तिहरु रहेका छन् । जस मध्य महिला २.५ र पुरुष ३.६ प्रतिशत रहेका छन् (जनगणना २०७८) ।

## १.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना तर्जुमाको विधि तथा प्रकृयाः

**क)** दस्तावेज अध्ययनः लेकवेशी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति योजना निर्माण पुर्व निम्नानुसारका दस्तावेजहरुको अध्ययन गरिएको छ ।

- नेपालको संविधान (२०७२),
- १५ औ पञ्चवर्षिय योजना,
- स्थानीय सरकार संचालन ऐन, २०७४,
- दिगो विकास लक्ष्यहरु,
- लैङ्गिक समानता नीति २०७७,
- स्थानीय सरकारको समावेशीकरण नीति २०७८,

- कर्णाली प्रदेशको प्रथम आवधिक योजना,
- मानवअधिकार कार्ययोजना २०७७ देखि २०८२,
- कर्णाली प्रदेशको लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति (२०७८),
- नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, वार्षिक प्रगति प्रतिवेदन,
- लेकवेशी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन, २०७८

**ख) मुख्य सरोकारवालाबाट जानकारी**ः लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सन्दर्भमा श्रोत व्यक्ती नारायण वि.क.ले लेकवेशी नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिकाको सदस्यहरु, महिला तथा बालबालिका शाखा प्रमुख वा नगरपालिकाको लैससास सम्पर्क व्यक्ती साथै लैससासको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाका प्रमुखहरुसँग अन्तवार्ता र छलफल गरी आवश्यक सुचना संकलन गर्नु भएको थियो ।

**ग) परामर्श कार्यशाला** : कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रदेश सुशासन केन्द्रको प्राविधिक सहयोग र लेकवेशी नगरपालिकाको आयोजनामा मिति २०७९ माघ २२ र २३ गते लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समावेशीकरण रणनीति योजना निर्माण कार्यशाला लेकवेशी नगरपालिकाको सभाहलमा सम्पन्न भयो । कार्यशालामा नगरपालिकाको प्रमुख, उपप्रमुख सहित कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा बिषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु, लक्षित समुहका प्रतिनिधिहरुको उपस्थितिमा रहेको थियो । कार्यशालाको क्रममा लैससास समावेशीकरण रणनीतिको अवधारणा, यसको कानूनी आधारको विषयमा सैद्धान्तिक छलफल गर्नुका साथै नगरपालिकाको लैससास समावेशीकरणका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसरहरु र चुनौतीको विश्लेषण, सरोकारवालाको विश्लेषण, लक्षित समुहहरुको समस्याहरु पहिचान सहित रणनीति तय गरिएको थियो ।

**घ) लक्षित वर्ग केन्द्रित छलफल**ः कार्यशाला गोष्ठीमा सहभागी भएका सहभागीहरुलाई ५ वटा समुहमा विभाजन गरि दलित, महिला, जनजाती, बालबालिका, अपाङ्गता भएका व्यक्ती, जेष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, भुमिहिन सुकुम्बासीले लेकवेशीमा झेलिरहेका समस्याहरुको विषयमा छलफल गरिएको थियो । समुह केन्द्रित छलफलवाट लक्षित वर्गको समस्याहरुको पहिचान गरिएको थियो ।

**ङ) मस्यौदा प्रस्तुतिकरण बैठक**ः कार्यशाला गोष्ठी र समुह केन्द्रित छलफलबाट प्राप्त सुझाव अनुसार तयार गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति योजनाको मस्यौदालाई लेकवेशी नगरपालिकाको कार्यपालिका बैठकमा प्रस्तुत गरिएको थियो । जसमा कार्यपालिकाको पदाधिकारी सदस्यहरुका अतिरिक्त नगरपालिकाको कर्मचारीहरुको समेत सहभागिता रहेको थियो ।

### १.३. लै.स.सा.स. परिभाषा - मुख्य शव्दावलीहरु

क) **"नगरपालिका"** भन्नाले लेकवेशी नगरपालिका सम्झिनु पर्छ।

ख) **"लैङ्गिक समानता"** भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

ग) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिबी तथा

सामाजिक रुपमा वञ्चितिकरणमा परेका समुहहरुलाई विकास निर्माण र कार्यसम्पादन प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

घ) **"लैससास"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बुझ्नुपर्दछ ।

ङ) **"योजना"** भन्नाले समग्र विकास निर्माण सम्बन्धी कार्यको लागि तयार गरिएको नगरपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, विषयगत क्षेत्रगत गुरुयोजना, रणनीतिक योजना आदि सम्झनु पर्छ ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशी बजेट"** भन्नाले महिला, विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरुको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

छ) **"गैर सरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका स्थानीय तहको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ ।

ज) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाउँ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभावकारी एवं अधिकतम उपयोग गर्ने प्रक्रियालाई सम्झनु पर्दछ ।

झ) **"वञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातीय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एवम भौगोलिक कारणले गर्दा पछी परेका महिला, दलित, आदिवासी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ती, ज्येष्ठ नागरिक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने नागरिकलाई सम्झनु पर्दछ ।

ञ) **"सिमान्तकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडी पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित भएका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सिमान्तकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ट) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट वञ्चित महिला पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने विशेष प्रयासलाई सम्झनु पर्छ ।

ठ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवम् सम्मान सुनिश्चित गर्नका लागी आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

ड) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू तथा पिछडा वर्ग एवम नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम समुदाय सम्झनु पर्छ ।

ढ) **"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, अपांगता भएका व्यक्ति, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

ण) **"लैङ्गिक समावेशीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

त) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक समावेशीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

थ) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूह, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका नागरिकलाई बुझाउँदछ।

द) **"लैङ्गिक प्रभाव विश्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुको परीक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनाबाट महिला एवम पुरुष कति लाभान्वित भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ।

ध) **"सशक्तीकरण"** भन्नाले विकासका अवसरहरुवाट वञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सूचना, पहुँच, क्षमता, र आवाजका हिसाबले सशक्त र सबल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

## २. नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था र सन्दर्भ विश्लेषणः

### २.१. नगरपालिकाको लैससासको अवस्थाः

लेकवेशी नगरपालिकामा नागरिकहरुले सहज र छिटो छरितो सेवा प्राप्त गरुन भनि नागरिक वडापत्रको व्यवस्था गरिएको, नगरपालिका भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति तोकिएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई लेकवेशी नगरपालिकाले विगत वर्ष देखि नै आफ्नो मूल नीतिको रुपमा अगाडी सार्दै आएको देखिन्छ । नगरपालिकाको कार्यक्रम, निति र वजेट मार्फत समुदायमा पछाडी पारिएका वा परेका दलित, आदिवासी जनजाती, पिछडा वर्ग, महिला, अपाङ्गता भएका व्यक्ति, एकल महिला र हिंसा पीडित महिलाहरुलाई विकासको समग्र प्रकृयामा समावेशीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

लेकवेशी नगरपालिकाले आफ्नो बार्षिक कार्यक्रम र नीति मार्फत लैङ्गिक, सामाजिक, आर्थिक तथा राजनीतिक रुपमा पछाडी परेका महिला, आदिवासी जनजाती. अपाङ्गता भएका व्यक्ती, जेष्ठ नागरिक, दलितहरु र बालबालिकाहरुको क्षमता विकास, सीप विकास तालिमहरु सञ्चालन गरिरहेको, बाल विवाह, घरेलु हिंसा, कानूनी सचेतना कार्यक्रम तथा विविध दिवसहरु मनाउने गरेको छ । समुदायस्तरमा गठन

हुने समिति, उपसमिति तथा कार्यदलमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । विपन्न तथा गरिब परिवारको लागि आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि नगरपालिकाले विभिन्न सीप विकास तथा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छ ।

## २.२. लक्षित वर्गको पहिचानः

लेकवेशी नगरपालिकाको सभा कक्षमा २०७९ माघ २२ र २३ गते सम्पन्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना निर्माण कार्यशालामा सहभागिहरु बीच भएको समुह छलफलका अनुसार नगरपालिकामा निम्नानुसार लक्षित समूह पहिचान भएको छ ।

- दलित, आदिवासी जनजाती, बादी समुदाय
- अपाङ्गता भएका व्यक्तीहरु
- भुमिहिन सुकुम्बासीहरु
- बालबालिकाहरु
- जेष्ठ नागरिक
- एकल महिला

## २.३. सरोकारवालाहरुको विश्लेषणः

नगरपालिकामा सञ्चालित २ दिने लैससास समावेशीकरण कार्यशालाका सहभागीहरुका बीचमा समुह छलफल गर्दा लेकवेशी नगरपालिकामा लैससास समावेशीकरण रणनीति योजनाको प्रभावकारी कार्यान्वयन गर्नका लागि निम्नानुसारका समुह, कार्यालयहरु, शाखाहरु प्रत्यक्ष सरोकारवालाहरुको रुपमा पहिचान गरिएको छ ।

| प्रथम तहका सरोकारवालाहरु | दोश्रो तहका सरोकारवाला | तेश्रो तहका सरोकारवालाहरु |
|---|---|---|
| लेकवेशी नगरपालिका कार्यालय | नगरपालिका तहमा रहेका वैङ्कहरु | कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय |
| नगरपालिका कार्यालय अन्तरगतका विभिन्न विषयगत समितिहरु | सहकारीहरु | कर्णाली प्रदेश सरकारका सवै विषयगत मन्त्रालयहरु |
| महिला, बालबालिका तथा समाज कल्याण शाखा | नगरपालिका तहका उद्योगी, व्यापारीहरु | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, प्रदेश सुशासन केन्द्र |
| शिक्षा युवा तथा खेलकुद शाखा | सामुदायिक वन, उपभोक्ता समुहहरु, खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु | राष्ट्रिय दलित आयोग |
| प्रशासन शाखा (आर्थिक र कर्मचारी शाखा) | सामुदायिक संस्थाहरु | मानव अधिकार आयोग |
| कृषी विकास शाखा | गैरसरकारी संस्थाहरु | आदिवासी जनजाती प्रतिष्ठान |
| पशुपंक्षी विकास शाखा | प्रहरी कार्यालय | महिला आयोग |
| उद्योग तथा उद्यम विकास शाखा | आमा समुहहरु, विद्यालयहरु | भुमि अधिकार आयोग |
| राजश्व शाखा, योजना शाखा | युवाक्लव, बालक्लवहरु | संघिय सरकारका सबै विषयगत मन्त्रालयहरु |
| सवै वडा कार्यालयहरु | लक्षित समुहले नेतृत्व गरेका समुहहरु, स्थानीय राजनैतिक दलहरु | प्रदेश र केन्द्रिय स्तरका सवै राजनैतिक दलहरु |

## २.४. लैससासको दृष्टिबाट नगरपालिकाको सवल पक्ष सुधार गर्नु पर्ने पक्ष अवसर र चुनौती विश्लेषण

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| **नीति, कानुन, योजना** | | | |
| • लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७९<br>• टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधी, २०७९<br>• स्वास्थ्य तथा सरसफाई नीति, २०७९<br>• न्यायीक समितिले उजुरीको कारवाही गर्दा अपनाउनु पर्ने कार्यविधि व्यवस्था गर्न बनेको विधेयक, २०७५ भएको<br>• अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७६ निर्माण भएको<br>• विपद जोखिम न्युनिकरण ऐन, २०७६ निर्माण भएको<br>• उपभोक्ता समिति गठन र परिचालन कार्यविधि, २०७६ निर्माण भएको<br>• सहकारी ऐन, २०७४ निर्माण भएको<br>• लेकवेशी नगरपालिकाको योजना प्रकृयामा युवा सहभागिता सम्बन्धी कार्यविधी, २०७९ निर्माण भइ कार्यान्वयनमा रहेको<br>• स्थानीय तह आपतकालिन कार्य सञ्चालन केन्द्र कार्य सञ्चालन कार्यविधि, २०७९ निर्माण भइ | • न.पा. को नीति, योजना र कानून निर्माण र अध्यावधिक गर्दा लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ती तथा समुदायको अर्थपर्ण सहभागिता सुनिश्चित गर्नु पर्ने<br>• न.पा. को योजना तर्जुमामा लैङ्गिक तथा सामाजिक र आर्थिक रुपमा पछाडी पारिएको व्यक्ति र समुदायको सहभागिता सम्बन्धी कार्यविधी निर्माण गर्नु पर्ने<br>• बनेका ऐन, नीति तथा कार्यविधि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको समावेशीकरण सम्बन्धी आचारसंहिता निर्माण गर्नु पर्ने<br>• जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव अन्त्य सम्बन्धी रणनीति निर्माण गर्नु पर्ने<br>• बालमैत्री स्थानीय शासन रणनिति तयार गर्नुपर्ने<br>• लैङ्गिक तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट निर्माण गर्नुपर्ने<br>• अपाङ्गतामैत्री संरचना निर्माण गर्नुपर्ने<br>• लक्षित वर्गमैत्री नीति | • नगरपालिकाको सवै शाखाहरुका कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई एकिकरण गर्न सकिने<br>• प्रदेश सरकार र प्रदेश स्तरका गैरसरकारी कार्यालय, निजी क्षेत्रसँग सहकार्य र समन्वय गरि लैससास प्रवर्द्धन गर्न सकिने<br>• नगरपालिका स्वायत्त सरकार भएकाले लैससास समावेशीकरणका लागि आवश्यक नीति, योजना र कार्यक्रम निर्माण गरि कार्यान्वयन गर्न सकिने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, समावेशीकरणका सवाल कानूनी रुपमा तीनै तहका सरकारको प्रमुख सवाल भएकाले यसको सम्वोधन गर्न सकिने अवसर<br>• नगरपालिका भित्रका बहुसंख्यक मानिसहरु र सामाजिकक संस्थाहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षमा र जातीय तथा अन्य सामाजिक छुवाछुत तथा | • वजेट र श्रोत व्यवस्थापन<br>• समाजमा विद्यमान परम्परागत सोच र धारणामा परिवर्तन<br>• संविधान, ऐन, नियम कार्यविधिहरु र मापदण्डको प्रभावकारी कार्यान्वयन |

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| कार्यान्वयनमा रहेको<br>• लेकवेशी नगरपालिकामा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण भइ कार्यान्वयनमा रहेको<br>• न.पा. को नीति, कार्यक्रमले लैङ्गिक तथा जातीय र सामाजिक विभेदलाई कम गर्न खोजेको<br>• न.पा. को कार्यक्रममा महिला दलित, जनजाती र बालबालिका र अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई सम्बोधन गरेको | तथा कार्यक्रम निर्माण गर्नुपर्ने<br>• लैङ्गिक तथा सामाजिक र आर्थीक रुपमा पछाडी पारिएका व्यक्ति तथा समुदायका उद्यमीहरुलाई सहुलियत र अनुदानमा प्रोत्साहन सम्बन्धी कार्यविधि निर्माण गर्नु पर्ने | भेदभाव, हिंसाको विरुद्धमा भएकाले उनीहरुलाई अभियानमा संलग्न गराउन सकिने | |
| संस्थागत विकास | | | |
| • नगरपालिकाको आफ्नै भवन रहेको<br>• नगरपालिकाको सबै शाखाहरुमा आवश्यक कर्मचारीहरु रहेको<br>• नगरपालिकामा सबै समिति तथा उपसमितिहरु गठन गरिएका<br>• लैससास सम्पर्क व्यक्तिको व्यवस्था गरिएको<br>• नगरपालिकामा महिला र पुरुषको अलग अगल शौचालय भएको<br>• नितिगत रुपमा कर्मचारीहरुमा कार्यविभाजन गरिएको | • अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री कार्यालयको व्यवस्था<br>• शौचालयको सरसफाई, स्यानिटरी प्याड डिस्पोजल सहितको व्यवस्थीत स्यानिटरी बदल्ने कोठाको व्यवस्था गर्नु पर्ने<br>• अपाङ्गमैत्री शौचालय बनाउनु पर्ने<br>• लैससास शाखा वा ईकाइ स्थापना गरि सञ्चालन गर्नु पर्ने | • नगरपालिकामा कार्यालय सहयोगीहरु भएकाले उनीहरुको परिचालन मार्फत शौचालयलाई नियमित रुपमा सरसफाई गर्न सकिने<br>• नगरपालिकाको कार्यालय सम्म बाटो भएकाले बाटोको स्तर उन्नती गरि अपाङ्गमैत्री र जेष्ठ नागरिकमैत्री कार्यालय बनाउन सकिने<br>• महिला, पुरुष छुट्टिएको शौचालयमा र्यामको व्यवस्था गरि अपाङ्गमैत्री गराउन सकिने<br>• नगरपालिकामा महिला, बालबालिका तथा समाज कल्याण शाखा भएकाले सोलाई नै लैससास | • श्रोत साधनको व्यवस्था<br>• चासोमा वृद्धि<br>• लैससास समावेशीकरणलाई साझा सवालको रुपमा लिने<br>• भौगोलिक विकटता |

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | | शाखा वा ईकाइको रुपमा विकास गर्न सकिने | |
| **मानव संसाधन तथा क्षमता विकास** | | | |
| • विषयगतरुपमा दक्ष जनशक्ति रहेको<br>• नगरपालिकाको आवश्यक्ता अनुसार कर्मचारी पदपुर्ति भएको<br>• लैङ्गिक तथा सामाजिक समावेशीकरणको मर्म अनुसार स्थानीय जनप्रतिनिधी चुनिनु<br>• नगरपालिकाले महिला, बालबालिका, जेष्ठनागरिक, दलित, जनजाती समुदायको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरेको | • नगरपालिकामा लैससास सम्बन्धि दक्ष प्रशिक्षकहरु तयार गरि परिचालन गर्नुपर्ने<br>• नगरपालिका, वडा कार्यालय र मातहतका विषयगत शाखाका कर्मचारीहरुका लागी लैससास सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन<br>• समुदायस्तरका संस्था, समुह र गैससका पदाधिकारी सदस्यहरु, धार्मिक अगुवाहरुका लागि लैससास मूलप्रवाहिकरणको स्थानीयकरण सम्बन्धी तालिम<br>• समुदायस्तरका संघ संस्था, समुहका पदाधिकारी सदस्यहरुलाई लैससासका लागि परिचालन गर्नु पर्ने<br>• लक्षित वर्गको लागि आवश्यक मात्रामा तालिम तथा सिप प्रदान गर्नुपर्ने<br>• जातीय छुवाछुत तथा भेदभाव, दिगो विकास लक्ष्य, वेइजिङ्ग सम्मेलनका घोषणाहरु र मानवअधिकार कार्ययोजनामा लैससास | • जनप्रतिनिधी र कर्मचारीहरुको क्षमता विकासका लागि प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम (PLGSP), प्रदेश सुशासन केन्द्रबाट सहयोग लिन सकिने<br>• नगरपालिकामा कार्यरत गैर सरकारी संघ सस्थाहरुद्वारा क्षमता विकास तालिमहरु संचालन गर्न<br>• लैससासको समावेशीकरणलाई स्थानीयस्तरमा कार्यरत गैरसरकारी संस्थाहरु, समुहहरुसँग साझेदारी गर्न सकिने | • कर्मचारी फेरबदल हुने भएकाले नयाँ कर्मचारीमा सीप हस्तान्त्रण गर्न<br>• पालिकाकको आन्तरिक आयको श्रोत कम भएकाले मानव स्रोत साधन र क्षमता विकासमा आवश्यक श्रोत व्यवस्थापन कठिनाई |

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | सम्बन्धी भएका प्रावधानका बारेमा नगरपालिकाको पदाधिकारी र कर्मचारी र समुदायस्तरका संस्थाका पदाधिकारीहरुका लागि क्षमता विकास तालिम<br>• नगरपालिकामा मानव संसाधन विकास केन्द्र स्थापना गरि कार्यान्वयन गर्नु पर्ने | | |
| सेवा प्रवाह | | | |
| • नगरपालिकाको कार्यालय भवन अपाङ्गमैत्री, बालमैत्री र जेष्ठ नागरिक मैत्री भएको<br>• सम्बन्धित सूचनाहरुलाई वडा जनप्रतिनिधी र नगरपालिकाको वेवसाइट मार्फत सूचना सम्प्रेषण गरिएको<br>• अलग अलग शाखाहरुबाट सेवा प्रवाह गरिएको ।<br>• सामाजिक सुरक्षा भत्ताका लागि अनलाईन इन्ट्रीको व्यवस्था गरिएको<br>• नगरपालिकामा सोधपुछ कक्षको व्यवस्था गरिएको<br>• विद्यालयहरुमा छात्रा र छात्र तथा महिला शिक्षक र पुरुष शिक्षकको अलग अलग शौचालय रहेको र छात्राहरुलाई स्यानिटरी प्याड उपलव्ध गराइएको | • लक्षित तथा वञ्चितिकरणमा परेका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क सङ्कलन, व्यवस्थापन र अध्यावधिक गर्ने<br>• गर्भवती महिलालाई जोखिमयुक्त काममा नलगाउने नीति कार्यान्वयन गर्नु पर्ने<br>• एकिकृत घुम्ति सेवा/शिविरहरु सन्चालन हुनुपर्ने<br>• समावेशी, अपाङ्गमैत्री सेवा प्रवाह हुनुपर्ने<br>• लैङ्गिक, सामाजिक र आर्थिक रुपमा कमजोर व्यक्तिहरुका लागि स्वास्थ्य बीमा गर्ने खालको कार्यक्रम तय गर्नुपर्ने<br>• पुर्ण अपाङ्गता भएका व्यक्ती र अशक्त जेष्ठ नागरिकहरुका लागि वैंकहरुसँग समन्वय गरि बस्तीस्तरबाट सेवा | • प्रदेश तथा स्थानीय सहयोग कार्यक्रम (PLGSP) बाट क्षमता विकासका तालिमहरु संचालन गर्न सकिने अवसर<br>• नगरपालिकामा कार्यरत गैर सरकारी संघसस्थाहरु द्वारा क्षमता विकास तालिमहरु संचालन गर्न सकिने अवसर ।<br>• स्थानिय जनशक्ति र श्रोत साधनको प्रयोग मार्फत सेवालाई प्रभावकारी गराउन सकिने<br>• स्थानीय स्तरमा रहेका नागरिक संगठनहरुसंगको साझेदारी र सहकार्यको अवसर | • सेवा प्रवाह प्रक्रिया व्यवस्थित<br>• बजेट तथा स्रोतसाधनको व्यवस्था<br>• सेवा प्रवाह मापदण्ड तयार गर्न |

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| | प्रवाह गर्नुपर्ने<br>• स्थानीय नागरिक संगठनहरुसँग साझेदारी र सहकार्य गर्नु पर्ने<br>• सुविधा सम्पन्न स्तनपान कक्ष नगरपालिकाको कार्यालय र अन्य सार्वजनिक कार्यालयमा व्यवस्था गर्ने | | |
| **सुशासन तथा उत्तरदायित्व** | | | |
| • Website मार्फत सूचना सार्वजनिकरण गरिएको<br>• सार्वजनिक सूनुवाई, सामाजिक लेखा परिक्षण र सार्वजनिक परिक्षण गर्ने गरिएको<br>• नगरपालिकाले चौमासिक रुपमा प्रतिवेदनहरु सार्वजनिकरण गर्ने गरेको<br>• स्थानीय योजना तर्जुमाका क्रममा लक्षित समुहको सवालहरुलाई ध्यान दिइएको<br>• नियमपुर्वक नगरपालिकाको वैठक र सभाहरु हुने गरेको<br>• नगरपालिका र वडा कार्यालयमा नागरिक वडापत्र राखिएको<br>• नगरपालिका र वडा कार्यालयहरुमा सूचना सुझाव पेटिका वा गुनासो पेटिका राखिएको<br>• नगरपालिका स्तरमा संचालित योजनाहरुका अनुगमन तथा सुपरिवेक्षण समिति र कर्मचारीहरुबाट अनुगमन गरिएको<br>• जनप्रतिनिधी तथा | • कार्यालय मार्फत प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई समय सापेक्ष सुधार गरी पारदर्शी जनमुखी बनाउँदै लैजाने<br>• सुचना तथा जानकारीमा सबैको पहुँच पुर्याउने ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण निर्धारित समयमा गर्नुपर्ने<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बजेट परीक्षण गर्नुपर्ने<br>• तेश्रो पक्षबाट अनुगमनको व्यवस्था गर्नुपर्ने<br>• लैलसास प्रवर्द्धनका लागि सिकाइ भ्रमणको व्यवस्था<br>• बेइजिङ्ग सम्मेलनका घोषणा, मानवअधिकार कार्ययोजना र अन्य लैससास सम्वन्धि निति तथा कानूनका बारेमा सर्वसाधारणलाई जानकारी गराउनु पर्ने | • नगरपालिकामा सुशासन र उत्तरदायित्वका लागि केही गर्न चाहने पदाधिकारी र कर्मचारीहरु भएकाले उहाँहरुको अथक सहयोगमा सुशासन तथा उत्तरदायित्व वृद्धि गर्ने प्रणाली स्थापना गर्ने अवसर छ<br>• नगरपालिकामा कार्यरत गैससहरु, समुहहरु र नागरिक समाजसँगको सहकार्यको अवसर<br>• प्रदेश र जिल्लास्तरमा रहेका मन्त्रालय,संस्था, निजी क्षेत्रसँगको साझेदारी र सहकार्यको अवसर | • लैङ्गिक, जातीय र धार्मिक विभेद<br>• स्रोत साधनको अपर्याप्तता ।<br>• नगरपालिकाको दुर्गम भौगलिक अवस्था,<br>• सामाजिक साँस्कृतिक पछौटेपन<br>• जनजागरणको कमि<br>• नागरिकको कम चासो |

| सबल पक्ष | सुधार गर्नु पर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| कर्मचारी आचारसंहिता निर्माण भइ कार्यान्वयनमा आएको<br>• नगरपालिकाको स्वीकृत कार्यक्रम, वजेट बार्षिक पुस्तकमा प्रकाशन गरेको | | | |

## २.५ नगरपालिका र वडागत रुपमा लैससासका प्रमुख समस्या तथा सवालहरुः

- नगरपालिकाको कार्यालय, वडा कार्यालयहरु, शैक्षिक संस्थाहरु सहितका भौतिक संरचनाहरु अपाङ्गता मैत्री, जेष्ठ नागरिक मैत्री नहुनु,
- नगरपालिका र वडास्तरका सार्वजनिक कार्यालयहरुमा सुरक्षित, सहज र सफा महिला पुरुष अलग अलग भएको अपाङ्गमैत्री शौचालय नहुनु,
- क्षमता र बजारको माग अनुसार सीप विकास नहुनु,
- सुस्त मनस्थितिका बालबालिकाहरुलाई पालन पोषण स्याहार र शिक्षाको व्यवस्थामा कठिनाई,
- अपाङ्गता भएका व्यक्तीहरुको क्षमता अनुसारको रोजगारीको अवसरहरुको अभाव रहनु,
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीको सहजै उपलब्धता नहुनु,
- समाजमा अपाङ्ग मैत्री व्यवहार नहुनु निर्णय प्रकृयामा अर्थपुर्ण सहभागिता नहुनु वा नगराउनु,
- लैङ्गिक, सामाजिक रुपमा पछाडि पारिएका व्यक्ती र समुदायको निर्णायक र अर्थपुर्ण स्थानमा अर्थपुर्ण सहभागिता नहुनु वा नगराउनु,
- रोजगारीका लागी युवाहरु विदेश जानेले स्थानीय विकास निर्माणमा युवाहरु नहनु,
- महिलाहरुमा आत्मविश्वास कम हुनु पारिवारीक बोझ बढी हुनु,
- जेष्ठ नागरिकहरुमा एक्लोपन बढ्न र समाजमा बोझको रुपमा उनीहरुलाई हेर्नु,
- सन्तान विहिन जेष्ठ नागरिकका लागि आश्रम स्थल नहुनु,
- महिलाहरुले घरमा गरिएको कामलाई अर्थको रुपमा मुल्याङ्कन नगर्नु,
- महिला र बालबालिका माथि हिंसा र यातना भइरहेको,
- जातीय विभेद तथा छुवाछुत,
- भुमिहिन, सुकुम्बासीहरुले बैङ्क तथा वित्तिय संस्थाहरुबाट ऋण नपाउनु र उद्योग दर्ता गरि आर्थिक कारोबारो सञ्चालन गर्न नसक्नु ।

## २.६ नगरपालिकाको लैससास रणनीतिको लागी मुख्य कार्यक्षेत्रहरु

- नीति कानून तथा योजना
- संस्थागत संरचना
- मानव संसाधन तथा क्षमता विकास
- सेवा प्रवाह
- सुशासन तथा उत्तरदायित्व

३. **लेकवेशी नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजनाको दिर्घकालिन सोच, लक्ष्य तथा उदेश्यहरुः**

**(क) दीर्घकालिन सोचः** "लैङ्गिक, जातीय, क्षेत्रिय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव रहित, समावेशी, समृद्ध र न्यायपूर्ण लेकवेशी नगरपालिका" ।

**(ख) ध्येयः** नगरपालिकाको संरचना, नीति, योजना र कार्य प्रणालीमा सुधार र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत लैङ्गिक, जातीय, क्षेत्रीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव रहित, समावेशी, समृद्ध र न्यायपूर्ण लेकवेशी नगरपालिका बनाउने ।

**(ग) लक्ष्यः** न्यायोचित, समतामूलक विकास र लैससासको मूलप्रवाहीकरण मार्फत महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक र सबै वञ्चितिकरणमा परेका व्यक्ति तथा समूहहरुमा समान मर्यादा, श्रोत साधन र निर्णय प्रकृयामा समान पहुँच र समान सहभागिताको सुनिश्चितता गर्ने ।

**(घ) उद्देश्यहरुः**

१. लेकवेशी नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण युक्त बनाउन नगरपालिकाको आवश्यक नीति, कानून तथा योजना निर्माण तथा सुधार गर्ने,

२. लेकवेशी नगरपालिकाको संस्थागत संरचनामा सुधार गरि नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण युक्त गराउने,

३. लेकवेशी नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण युक्त गराउन नगरपालिकाको मानव संसाधन तथा क्षमता विकास गर्ने,

४. लेकवेशी नगरपालिकाको सेवा प्रवाहमा सुधार ल्याई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने,

५. लेकवेशी नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न नगरपालिकाको सुशासन तथा उत्तरदायित्वमा सुधार गर्ने ।

४. **रणनीतिको औचित्य वा आवश्यकताः**

लेकवेशी नगरपालिकाले नेपाल सरकारले अन्तराष्ट्रिय र राष्ट्रिय स्तरमा जनाएको विभिन्न किसिमका प्रतिवद्धता विशेष गरि समाजमा शान्ति कायम गर्ने, समानता कायम गर्ने, विभेदहरु र विभिन्न किसीमका हिंसाहरुको अन्त्य गर्ने, आर्थिक, सामाजिक, शैक्षिक र राजनैतिक रुपमा पछाडी पारिएका वर्ग, जातजाती, लिङ्ग, धर्म, उमेर र भुगोलका व्यक्ती र समुहको सशक्तिकरण गर्नुका साथै उनीहरुलाई निर्णय प्रकृयामा सहभागी गराउने जस्ता महत्वपुर्ण कार्यहरु गरिरहेको छ । र पनि यसलाई थप उपलब्धिमूलक, नतिजामुखी र व्यवस्थित गर्नुपर्ने, समुदायमा विद्यमान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै समतामूलक, समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्न नगरपालिकाको नीति निर्माण, बजेट तर्जुमा र सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन वाञ्छनिय भएकोले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति निर्माण गरिएको छ जुन नगरपालिकाको मार्गदर्शन हुनेछ ।

## ५. रणनीतिक योजनाको मुल्यमान्यता तथा सिद्दान्तहरुः

देहायका सिद्धान्तका आधारमा लैससास रणनीतिक योजना तर्जुमा गरिएको छः

१. **कोही पछाडि नछुटुन (Leave no one behind):** यस रणनीतिले दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणलाई अवलम्बन गरेको छ ।

२. **शून्य सहनशीलता (Zero Tolerance):** यो रणनीतिले नगरपालिका भित्र हुने लैङ्गिक तथा सबै प्रकारका छुवाछुत तथा विभेद र हिंसाका घटनाहरुमा शून्य सहनशिलताको नीति अङ्गीकार गरेको छ।

३. **प्रभावकारी सहभागिता (Meaningful Participation):** यो रणनीतिले नगरपालिकाको हरेक विकास कार्यक्रममा सबै लिङ्ग, वर्ग, जाती, क्षेत्र तथा समुदायको समानुपातिक आधारमा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको छ ।

४. **अविभेद (Nondiscrimination):** रणनीति कार्यान्वयनका सिलशिलामा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्र तथा समुदाय, जातजाति, आर्थिक, सामाजिक अवस्था वा अन्य कुनै पनि आधारमा भेदभाव गरिने छैन।

५. **सारभूत समानता (Substantive Equality):** यो रणनीतिले लैङ्गिक समानताको सवालमा सारभूत समानता जस्तै भूमिका, उत्तरदायित्व, अधिकार र परिणाममा समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

६. **उत्तदायित्व तथा जवाफदेहिता (Obligation and Responsibility):** यो रणनीतिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने हरेक  अवस्थामा नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू सम्बन्धित क्षेत्रका जनतासँग जवाफदेही हुनुपर्ने कुरालाई अङ्गीकार गरेको छ ।

७. **कसैलाई पनि हानी नपुर्याउने (Do No Harm):** यस रणनीतिले कसैलाई पनि हानी वा क्षति नपुर्याउने सिद्धान्त अवलम्बन गरेको छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समावेशीकरणको नीतिहरु

१. लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति र समुदायको अर्थपुर्ण सहभागितामा लेकवेशी नगरपालिकाको सवै नीति, योजना र कानून निर्माण र समिक्षा गर्ने र त्यस्ता निति, योजना र कानूनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री शब्दहरु चयन गर्ने,

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति र समुहको समानुपातिक सहभागिता र नगरपालिकाको संस्थागत विकासको सुनिश्चितता गर्ने,

३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको सुनिश्चितताका लागि नगरपालिकाको मानव संसाधन तथा क्षमता विकास गर्ने,

४. प्रभावकारी र सहज सेवाको सुनिश्चितताका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री पुर्वाधार, व्यवहार, स्वास्थ्य र बजार व्यवस्था गर्ने,

५. नगरपालिकामा सुशासन तथा उत्तरदायित्व सुनिश्चितताका लागि विभिन्न सरोकारवालाहरुसँग निरन्तर रुपमा समन्वय, सहकार्य गरि उनीहरुलाई परिचालन गर्ने ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरणको रणनीतिहरुः

१.१ नगरपालिकाको नीति, कानून र योजना निर्माण तथा पुनरावलोकन गर्दा लैङ्गिक, सामाजिक तथा आर्थिक रुपमा पछाडि पारिएका व्यक्ति र समुदायको अर्थपुर्ण सहभागिता गराउने,

१.२ नगरपालिकाको योजना तर्जुमा प्रकृयामा लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्तिलाई सक्रिय र अर्थपुर्ण सहभागी गराइ योजनाको छनौट र कार्यान्वयन गर्ने,

१.३ नगरपालिकाको वजेटलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

२.१ नगरपालिकाको अर्थपुर्ण र निर्णायक स्थलमा समानुपातिक रुपमा कर्मचारी पदाधिकारीको प्रतिनिधित्व सुनिश्चित गर्ने,

२.२ लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मैत्री कार्य प्रणाली अवलम्वन गर्ने,

२.३ लैङ्गिक तथा समाजिक रुपमा पछाडी पारिएका व्यक्ति र समुहको प्रतिनिधित्व नगरपालिकाको सबै समिति, उपसमिति र कार्यदलमा सुनिश्चित गर्ने,

२.४ नगरपालिकाको वित्त व्यवस्थापन प्रणालीमा सुधार गरि समाजमा पछाडी पारिएको महिलाहरुको क्षमता विकास, सशक्तिकरण र हिंसा अन्त्य गर्ने,

२.५ नगरपालिकाको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणालीमा सुधार गरि सेवा प्रवाहलाई सहज गराउने,

३.१ जनप्रतिनिधी, कर्मचारीहरु र समुदायको क्षमता विकास गरी लैससास प्रति समान धारणा कायम गर्ने,

३.२ श्रोतको व्यवस्था र सचेतना अभिवृद्धि गरि समाजमा रहेका अनौपचारिक मूल्य, मान्यता र कु-संस्कारको अन्त्य गर्ने,

३.३ जनप्रतिनिधी, कर्मचारी र समुदायका लागि विद्यमान कानूनी प्रावधानका विषयमा सचेतिकरण गरी लैससासको प्रवर्द्धन गर्ने,

३.४ विपद व्यवस्थापन प्रणालीलाई महिला तथा सामाजिक रुपमा पछाडी पारिएका समुदाय वा व्यक्तिहरु मैत्री गराउने,

४.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री पूर्वाधार विकास र निर्माण गर्ने,

४.२ महिला तथा किशोरीहरुको प्रजनन् स्वास्थ्यमा सुधार गर्ने,

४.३ लैङ्गिक तथा सामाजिक रुपमा पछाडी परेका बालबालिका र समुदायको शिक्षामा पहुँच बढाउने,

४.४ खानेपानी तथा सरसफाइ सुनिश्चितताका लागि स्थानीय श्रोत र जनशक्तिको परिचालन गर्ने,

४.५ रोजगार तथा आय आर्जनको अवसर उपलब्ध गराई र बजार व्यवस्थापन गरी लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ती र समुहको जीवनस्तरमा सुधार गर्ने,

५.१ नगरपालिका भित्रका सार्वजनिक संस्थाहरुमा सुशासन सुनिश्चतता गर्ने,

५.२ लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ती र समुह प्रति सेवा प्रदायकलाई उत्तरदायी र जवाफदेही गराउने,

५.३ लैङ्गिक तथा सामाजिक रुपमा पछाडि पारिएका व्यक्ति र समुदायको सूचना तथा सञ्चारमा पहुँच बढाउने,

५.४ लक्षित समुदायमा प्रभावकारी रुपमा सेवा पुगे, नपुगेको एकिन गर्न अनुगमन तथा मूल्याङ्कन प्रभावकारी गराइने,

५.५ लैससासको प्रवर्द्धनका लागि विभिन्न निकायहरुसँग समन्वय र सम्बन्ध बिस्तार गर्ने,

## लैससास समावेशीकरण रणनीतिको कार्यान्वयनको लागि कार्ययोजना

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति रसमुदायको अर्थपुर्ण सहभागितामा लेकवेशी नगरपालिकाको सबै नीति, योजनार कानून निर्माण र समिक्षा गर्ने र त्यस्ता निति, योजना र कानूनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री शव्दहरु चयन गर्ने | १.१ नगरपालिकाको नीति, कानून र योजना निर्माण तथा पुनरावलोकन गर्दा लैङ्गिक, समाजिक तथा आर्थिक रुपमा पछाडि पारिएका व्यक्ति र समुदायको अर्थपुर्ण सहभागिता गराउने | १.१.१ नगरपालिकाको नीति तथा कानूनको मस्यौदा तयार गर्दा लैससासको दृष्टिले कार्यदल वा कार्यटोली गठन गर्ने र नीति तथा कानूनका बिषयवस्तु र शब्द चयन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण युक्त भएको एकिन गरिने | २०८० असार देखि २०८४ असार | कार्यपालिका, , लैससास सम्पर्क व्यक्ति र प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाले निर्माण र सुधार गरेका नीति तथा कानून |
| | | १.१.२ नगरपालिकाको नीति, कानून, आवधिक योजना, बार्षिक योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्बन्धी विषयहरु समावेश भएको सुनिश्चित गरिनेछ । | २०८० असार देखि २०८४ असार | नगरसभा, कार्यपालिका, वडा समिति, विषयगत समिति, लैससास सम्पर्क व्यक्ति र प्रमुख प्रशासकीय अधिकृत | निर्णय पुस्तिका |
| | | १.१.३ महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्यका लागि विषयगत नीति तथा ऐन निर्माण गरिने छ । | २०८० असार मसान्त भित्र | लैससास सम्पर्क व्यक्ति र प्रमुख प्रशासकीय अधिकृत | जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धको रणनीति |
| | | १.१.४ नगरपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको सुनिश्चित गर्ने । | २०८१ असार मसान्त भित्र | कार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, महिला विकास शाखा | बालक्लब गठन तथा सञ्चालन कार्यविधि निर्माण गर्नुपर्ने नगरपालिकाको बार्षिक कार्यक्रम र नीति |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | | १.१.५ संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाउने | २०८१ असार मसान्त भित्र | लैससास सम्पर्क व्यक्ती | |
| | | १.१.६ नगरपालिकाको नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्न श्रमनीति निर्माण गरि कार्यान्वयन गर्ने | २०८० असार मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाको श्रमनीति |
| | | १.१.७ नगरपालिकाको उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४०% महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिएको सुनिश्चित गर्न उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधी निर्माण गर्ने | २०८१ असार मसान्त भित्र | प्रमुख प्रशासकीय अधिकृत | उपभोक्ता समिती गठन तथा परिचालन कार्यविधी |
| | नगरपालिकाको योजना तर्जुमा प्रकृयामा लैङ्गिक तथासामाजिक रुपमा पछाडी पारिएका व्यक्तिलाई सक्रिय र अर्थपुर्ण सहभागिता गराइ योजनाको छनौट र कार्यान्वयन गर्ने | १.२.१ आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागी नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरेको एकिन गरिने | २०८१ अषाढ मसान्त भित्र | निर्देशक समिती ,प्रमुख प्रशासकीय अधिकारी | |
| | | १.२.२ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाई प्रत्यक्ष फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याएको सुनिश्चित गर्ने | २०८० अषाढ मसान्तभित्र | नगरपालिकाको उपप्रमुख | वजेट तथा श्रोत अनुमान समितिको निर्णय |
| | | १.२.३ नगरपालिकाको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता भएको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा परेको सुनिश्चित गर्ने | अषाढ २०८० देखि निरन्तर | वडा समिती | वडाले छनौट गरेको निर्णय |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
| --- | --- | --- | --- | --- | --- |
| | | १.२.४ योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गरिने | अषाढ २०८० देखि निरन्तर | जनप्रतिनिधी र कर्मचारीहरु | उपस्थिति र निर्णय पुस्तक |
| | | १.२.५ योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने | अषाढ २०८० देखि निरन्तर | सामाजिक विकास समिती | उपस्थिति र निर्णय पुस्तक |
| | | १.२.६ नगरपालिकाले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गरेको सुनिश्चित गर्ने | अषाढ २०८० देखि निरन्तर | लैससास सम्पर्क व्यक्ती र नगर कार्यपालिका | वार्षिक कार्यक्रम र वजेट |
| | | १.२.७ नगरपालिकाको योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि निर्माण गर्ने | अषाढ २०८० देखि निरन्तर | सामाजिक विकास शाखा , महिला बालबालिका शाखा | वार्षिक कार्यक्रम र वजेट |
| | नगरपालिकाको वजेटलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायि बजेट वनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | १.३.१ बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, दलित, लोपोन्मुख, अल्पसंख्यक सिमान्तकृत जातीहरु विशेष गरी बादी, राजी, वोटे लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल गर्ने | २०८० वैषाख देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | योजना तर्जुमा गर्दाको उपस्थिती |
| | | १.३.२ नगरपालिकामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरि सो को कार्यान्वयन गर्ने | २०८० अषाढ १०, देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत/ लैससास शाखा / सामाजिक विकास शाखा | बार्षिक नीति, कार्यक्रम पुस्तक |
| | | १.३.३ नगरपालिकाको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने | २०८० अषाढ देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | बार्षिक नीति, कार्यक्रम पुस्तक |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| लैङ्गिक समानता तथा समाजिक समावेशीकरण प्रवर्द्धन गर्न लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति र समुहको समानुपातिक सहभागिता र नगरपालिकाको संस्थागत विकासको सुनिश्चितता गर्ने | २.१ नगरपालिकाको अर्थपुर्ण र निर्णायक स्थलमा समानुपातिक रुपमा कर्मचारी पदाधिकारीको प्रतिनिधित्व सुनिश्चित गर्ने | २.१.१ नगरपालिकाको निर्णायक तहमा महिलाहरूलाई समान रुपमा प्रतिनिधित्व गराइने | २०८० अषाढ देखिनिरन्तर | प्रमुख प्रशासकीय अधिकृत र | |
| | | २.१.२ नगरपालिकाको कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिइ सो बमोजिम कार्यान्वयन गर्ने | २०८० देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र जनप्रतिनिधी | कर्मचारी पदपुर्ति गरेको निर्णय |
| | | २.१.३ नगरपालिकाले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्बन्धित लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा वा लैङ्गिक समानतातथा समाजिक समावेशीकरण शाखा मार्फत सेवा दिइएको सुनिश्चितता गर्ने | २०८० देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | लैससास शाखा वा लैससास ईकाइ |
| | | २.१.४ जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिइ उक्त नीति कार्यन्वयन गरिएको सुनिश्चित गर्ने | २०८० | प्रमुख प्रशासकीय अधिकृत | नगरपालिकाको क्षमता विकास कार्ययोजना |
| | २.२ लैङ्गिक समानता तथा समाजिक समावेशीकरण मैत्री कार्यप्रणाली अवलम्वन गर्ने | २.२.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | २०८० अषाढ देखि निरन्तर | जनप्रतिनिधी र कर्मचारीहरु | प्रतिवेदन |
| | | २.२.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति | २०८० देखि | प्रमुख प्रशासकीय अधिकृत | लैससास शाखाका कर्मचारिको कार्य |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | | व्यवस्था गरि उनीहरुको कार्यशर्त र जिम्मेवारी किटान गर्ने | | | विवरण |
| | | २.२.३ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी आचार संहिता निर्माण गरि दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रण गर्ने | २०८० देखि | प्रमुख प्रशासकीय अधिकृत | लैससास शाखाका कर्मचारिको कार्य विवरण |
| | २.३ लैङ्गिक तथा समाजिक रुपमा पछाडि पारिएका व्यक्ति र समुहको प्रतिनिधित्व नगरपालिकाको सवै समिति, उपसमिति र कार्यदलमा सुनिश्चित गर्ने | २.३.१ नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था गर्ने | २०८०देखि निरन्तर | कर्मचारीर जनप्रतिनिधीहरु | नीतिकार्यविधी र आचारसंहिता |
| | | २.३.२ नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय प्रकृयामा सक्रिय रुपमा भाग लिन पाएको सुनिश्चित गर्ने | निरन्तर | कर्मचारी र जनप्रतिनिधीहरु | उपस्थिति |
| | | २.३.३ नगरपालिकामा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हित हुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने व्यवस्था गर्ने | निरन्तर | लैससास शाखा ,प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारी | |
| | २.४ नगरपालिकाको वित्त व्यवस्थापन प्रणालीमा सुधार गरि समाजमा पछाडी पारिएको महिलाहरुको क्षमता विकास, सशक्तिकरण र हिंसा | २.४.१ नगरपालिकाले लैङ्गिक हिँसा निवारण,महिला सीप विकास,नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन गर्ने | २०८० देखी निरन्तर | जनप्रतिनिधी र प्रमुख प्रशासकीय अधिकृत | ऐन |
| | | २.४.२ आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्था गरि र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने | नियमिम | जनप्रतिनिधी र प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत कार्यक्रम र वजेट |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | अन्त्य गर्ने | २.४.३ नगरपालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गर्ने र कम्प्युटरकृत लेखाप्रणाली मार्फत समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने | २०८० देखि निरन्तर | सुचना तथा प्रविधी अधिकृत र लैससास सम्पर्क व्यक्ती | प्रतिवेदन |
| | २.५ नगरपालिकाको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन प्रणालीमा सुधार गरि सेवा प्रवाहलाई सहज गराउने | २.५.१ नियमित रुपमा नगरपालिकाले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन तथा अध्यावधिक गर्ने | २०८० देखि नियमित | सुचना प्रविधी अधिकृत | प्रतिवेदन |
| | | २.५.२ नगरपालिकाले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डिकृत सूचना/तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टा छुट्टै नक्साङ्कन गर्ने | २०८० देखि नियमित | सूचना अधिकृत | प्रतिवेदन |
| | | २.५.३ नगरपालिकाले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | वैठकमा निर्णयहरु |
| | | २.५.४ नगरपालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अध्यावधिक गर्ने | निरन्तर .. | सूचना प्रविधी अधिकृत | प्रतिवेदन र वेइभसाइड |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण सुनिश्चितताका लागि नगरपालिकाको मानव संसाधन तथा | ३.१ जनप्रतिनिधी र कर्मचारीहरु र समुदायको क्षमता विकास गरि लैससास प्रति समान धारणा कायम गर्ने | ३.१.१ लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरि सो अनुसार छुट्टै बजेट विनियोजन गरि कार्यान्वयन गर्ने । | २०८० देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | क्षमता विकास योजना |
| | | ३.१.२ स्थानीय तहका पदाधिकारी, कर्मचारी र लक्षित समुहका लागि लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी क्षमता विकास तालिम वा कार्यकम गर्ने र सो कार्यक्रममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता | २०८० श्रावण देखि निरन्तर | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ती | क्षमता विकास योजना |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| क्षमता विकास गर्ने | | र उपस्थिति सुनिश्चित गर्ने | | | |
| | | ३.१.३नगरपालिकामा महिला तथा लक्षित समुहका पदाधिकारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमणआदि)मा वजेट विनियोजन गरि कार्यान्यवन गर्ने | २०८० श्रावण देखि निरन्तर | लैससास सम्पर्क व्यक्ति | प्रकाशित वजेट र निती कार्यक्रम |
| | | ३.१.४ नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी तालिम संचालन गर्न सक्नेजनशक्ति सुची तयार गर्ने | २०८० श्रावण देखि | लैससास सम्पर्क व्यक्ति | सूची |
| | | ३.१.५ नगरपालिकामा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था गरि र ति निकायमा जनशक्ती व्यवस्था गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | निर्णय र शाखाको व्यवस्था |
| | | ३.१.६ महिला, दलित, जनजाती र विपन्न विद्यार्थीहरुका लागि लोकसेवा लगायतका आयोगको पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम तय गरि र सो कार्यक्रम कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | लैससास सम्पर्क व्यक्ति, सामाजिक विकास शाखा | निर्णय र शाखाको व्यवस्था |
| | | ३.१.७ महिला हक हित र अधिकार सम्बन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाह्र वटा प्रतिवद्धता, दिगो विकास लक्ष्य र लैससास सम्बन्धी कानूनी प्रबन्धका सम्वन्धमा नगरपालिकाका पदाधिकारी/ कर्मचारीलाई अभिमुखीकरण गर्ने | २०८० कार्तिक देखि निरन्तर | लैससास सम्पर्क व्यक्ति | प्रतिवेदन |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | ३.२ श्रोतको व्यवस्था र सचेतना अभिवृद्धी गरि समाजमा रहेका अनौपचारिक मूल्य, मान्यता र कु-संस्कारको अन्त्य गर्ने | ३.२.१ नगरपालिकामा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरि कायान्वयन गर्ने | २०८० देखि निरन्तर | लैससास सम्पर्क व्यक्ति | स्वीकृत नीती,कार्यक्रम र वजेट किताव |
| | | ३.२.२ लैङ्गिक हिंसा मुक्त नगरपालिका घोषणा गर्ने र महिला हिंसा विरुद्ध शुन्य सहनशीलताको नीति लिने | २०८० देखि | जनप्रतिनिधी र कर्मचारी , लैससास सम्पर्क व्यक्ति | पालिकाको नीती |
| | | ३.२.३ नगरपालिकाले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा विभेद निवारण गर्ने कार्यक्रमहरू संचालन गर्ने | २०८० देखि निरन्तर | लैससास सम्पर्क व्यक्ती | प्रतिवेदन र प्रकाशित पुस्तक |
| | | ३.२.४ समाजमा रहेका विभिन्न सामाजिक कुरीतिहरु (विशेष गरि जातिय छुवाछुत, छाउपडी, बाल विवाह, बहु विवाह आदि) हटाउन कार्यक्रमहरू संचालन गर्ने | २०८० देखि नियमित | सामाजिक विकास शाखा र लैससास शाखा | कार्यक्रम सम्पन्न प्रतिवेदन र सहभागिहरु |
| | | ३.२.५ समाजमा रहेका सामाजिक संस्थाहरु टोल विकास संस्था, उपभोक्ता समुहहरु, सामुदायिक वन, युवा क्लव, बालक्लव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र गैरसकारी संस्थाहरुका पदाधिकारी र धार्मिक अगुवाहरु, पूजारीहरुलाई जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धका कानूनी र धार्मिक प्रावधानका बारेमा सचेतिकरण गर्ने | २०८० भाद्र देखि २०८४ सम्म | प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृत, सामाजिक विकास शाखा | कार्यक्रम सम्पन्न प्रतिवेदन र सहभागिहरु |
| | | ३.२.६ समाजमा रहेका सामाजिक संस्थाहरु विशेष गरि टोल विकास संस्था, उपभोक्ता समुहहरु, सामुदायिक वन, युवा क्लव, बालक्लव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र गैरसरकारी संस्थाहरुका पदाधिकारी र धार्मिक अगुवाहरु, पूजारीहरुलाई परिचालन गरि जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्धको अभियान सञ्चालन गर्ने | २०८० भाद्र देखि २०८४ सम्म | प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृत, लैससास सम्पर्क व्यक्ती | कार्यक्रम सम्पन्न प्रतिवेदन र सहभागीहरु |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | | ३.२.७ जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव मुक्त घर, टोल, वडा र नगरपालिका घोषणा | २०८१ श्रावण देखि २०८४ | जनप्रतिनिधी र कर्मचारी | कार्यक्रम सम्पन्न प्रतिवेदन र सहभागिहरु |
| | | ३.२.८ जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव विरुद्ध अभियान सञ्चालन गरि नमुना वन्न सफल समाजमा रहेका सामाजिक संस्थाहरु विशेष गरि टोल विकास संस्था, उपभोक्ता समुहहरु, सामुदायिक वन, युवा क्लव, बालक्लव, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र गैरसकारी संस्थाहरुका पदाधिकारी र धार्मिक अगुवाहरु, पूजारीहरुलाई सम्मान गर्ने | २०८१ श्रावण देखि २०८४ | नगरप्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र योजना अधिकृत | कार्यक्रम सम्पन्न प्रतिवेदन र सहभागिहरु |
| | ३.३ जनप्रतिनिधी, कर्मचारी र समुदायका लागि विध्यमान कानूनी प्रावधानका विषयमा साक्षर गराई लैससासको प्रवर्द्धन गर्ने | ३.३.१ नगरपालिकाका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, स्थानीय तहले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनहरूको सम्वन्धमा अभिमुखीकरण गर्ने | २०८० श्रावण देखि निरन्तर | लैससास सम्पर्क व्यक्ति, सामाजिक विकास शाखा | स्वीकृत वजेट ,कार्यक्रम प्रकाशित पुस्तक |
| | | ३.३.२ नगरपालिकाको प्रत्येक वडामा महिलाका लागि कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, जातीय छुवाछुत तथा भेदभाव र यौनहिंसा, आदि बारे कानूनी सचेतना अनुशिक्षण संचालन गर्ने | २०८१ देखि २०८४ सम्म | लैससास सम्पर्क व्यक्ती | स्वीकृत वजेट, कार्यक्रम प्रकाशित पुस्तक |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | ३.४ विपद व्यवस्थापन प्रणालीलाई महिला तथा सामाजिकरुपमा पछाडी पारिएका समुदाय वा व्यक्तिहरु मैत्री गराउने | ३.४.१ नगरपालिकाले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति, कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा समुदायसँग परामर्श गर्ने र यस्ता दस्ताबेजमा उक्त वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको व्यवस्था गर्ने | २०८० देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | |
| | | ३.४.२ नगरपालिकामा विपद सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्यसञ्चालन तथा राहत वितरण गर्ने | २०८० श्रावण देखि निरन्तर | सूचना तथा प्रविधि अधिकृत, विपद व्यवस्थापन शाखा | प्रकाशित तथ्याङ्क |
| | | ३.४.३ समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य सञ्चालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राख्ने | २०८० देखि निरन्तर | विपद शाखा | प्रतिवेदन |
| | | ३.४.४ विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय गर्ने | २०८० देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | निर्णय प्रतिलिपि |
| प्रभावकारी र सहज सेवाको सुनिश्चितताका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री पुर्वाधार, व्यवहार, | ४.१ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री पूर्वाधार विकास र निर्माण गर्ने | ४.१.१ लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान भएको सुनिश्चित गर्ने | २०८० देखि २०८१ चैत्र | प्राविधिक शाखा, प्रमुख प्रशासकीय अधिकृत | नितीगत व्यवस्था |
| | | ४.१.२ नगरपालिकाको भवन भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता मैत्री, जेष्ठ नागरिक तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधी अधिकृत र प्राविधिक | पुर्वाधार डिजाइन र इस्टिमेट र निर्मित भवन |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| स्वास्थ्य र बजार व्यवस्था गर्ने | | ४.१.३ नगरपालिकाले १५०० वर्ग फिट भन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्वन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्वीकृति दिने तथा सो बमोजिम निर्माण गर्ने | २०८० श्रावण देखि निरन्तर | प्राविधिक र सूचना प्रविधी अधिकृत | पुर्वाधार डिजाइन र इस्टिमेट र निर्मित भवन |
| | | ४.१.४ नगरपालिकाले महिला लगायत लक्षित समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्न वैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू सञ्चलन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक | पालिकाको स्वीकृत नीति तथा कार्यक्रम |
| | ४.२ महिला तथा किशोरीहरुको प्रजनन् स्वास्थ्यमा सुधार गर्ने | ४.२.१ प्रजनन् स्वास्थ्य सम्बन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिम युक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक | स्वास्थय सम्वन्धी नीति |
| | | ४.२.२ नगरपालिकाको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी वडा कार्यालय र सम्भव भएका सार्वजनिक स्थलहरुमा कर्मचारी लगायत सेवाग्राहीलाई लक्षित गरी अलग्गै सुविधा युक्त स्तनपान कक्षको व्यवस्था गरि र सो को कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक | |
| | | ४.२.३ परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ्य लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदान प्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने लगायतका विषयहरु) संचालन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक | नगरपालिकाको स्वीकृत नीति र कार्यक्रम |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | | ४.२.४ महिला, आर्थिक रूपले विपन्न घर परिवार लगायत लक्षित समुहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरि सोको कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक | नगरपालिकाको स्वीकृत नीति र कार्यक्रम |
| | ४.३ लैङ्गिक तथा सामाजिक रुपमा पछाडी परेका बालबालिका र समुदायको शिक्षामा पहुँच वढाउने | ४.३.१ नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाई र सो उमेर समुहका सबै बालबालिकाहरु विद्यालय भर्ना भएको सुनिश्चित गर्ने | २०८० वैषाख देखि निरन्तर | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | आइ मिस |
| | | ४.३.२ नगरपालिकाले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समूदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रबृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाउने | २०८० वैषाख देखि निरन्तर | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | आइ मिस |
| | | ४.३.३ साक्षर नभएका महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीतितथा वजेट र कार्यक्रम वनाइ तथा सो अनुरूप कार्यक्रमहरु (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि )कार्यान्वयन गर्ने | २०८२ श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीत वजेट र कार्यक्रम |
| | | ४.३.४ विद्यालयमा छात्र र छात्राका लागि छुट्टा छुट्टै सफा शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरि प्याड, साबुन पानी लगायत आवश्यक सामाग्रीको व्यवस्था गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुख | प्रतिवेदन र प्रत्यक्ष अवलोकन |
| | ४.४ खानेपानी तथा सरसफाइ सुनिश्चितताका लागि स्थानीय श्रोत र | ४.४.१ नगरपालिकाको कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुषको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रवन्ध गर्ने | निरन्तर | योजना शाखा | |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | जनशक्तिको परिचालन गर्ने | ४.४.२नगरपालिकाको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खानेपानी तथा सरफाई सम्वन्धी अभियानका विशेष गरि घरघरमा शौचालय, पिउने पानी, पोखरीटोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन गर्ने | २०८० श्रावण देखि निरन्तर | योजना शाखा अधिकृत | प्रतिवेदन |
| | | ४.४.३ नगरपालिकाको सबै गाउँ, वस्ती तथा टोल टोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धी गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन गर्ने | २०८० श्रावण देखि निरन्तर | योजना शाखा अधिकृत | प्रतिवेदन |
| | | ४.४.४ स्थानीय तहका गाऊँ, टोल, वस्तीहरूमा सफा पानीको सहज व्यवस्थाका लागि आकासे पानी संकलन र भण्डारण, परंपरागत इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत गरि र ति कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा गर्ने | २०८० श्रावण देखि निरन्तर | योजना शाखा अधिकृत | प्रतिवेदन |
| | ४.५ रोजगार तथा आय आर्जनको अवसर उपलव्ध गराइ र बजार व्यवस्थापन गरि लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ती र समुहको | ४.५.१ नगरपालिकाको आवधिक योजना, बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबी नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरूलाई समावेश गरी कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत वजेट तथा कार्यक्रम र प्रकाशित प्रतिवेदन |
| | | ४.५.२ नगरपालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत वजेट तथा कार्यक्रम र प्रकाशित प्रतिवेदन |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | जीवनस्तरमा सुधार गर्ने | ४.५.३ ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधी, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिई सोअनुरूप कार्यक्रम संचालन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत नीती , वजेट तथा कार्यक्रम र प्रकाशित प्रतिवेदन |
| | | ४.५.४ गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथ मूल्य सहकारी पसलहरूको व्यवस्थापन गरि कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत नीती , वजेट तथा कार्यक्रम र प्रकाशित प्रतिवेदन |
| १. नगरपालिकामा सुशासन तथा उत्तरदायित्व सुनिश्चितताका लागि विभिन्न सरोकारवालाहरुसंग निरन्तर रुपमा समन्वय, सहकार्य गरि उनीहरुलाई परिचालन गर्ने | ५.१ नगरपालिका भित्रका सार्वजनिक सस्थाहरुमा सुशासन सुनिश्चतता गर्ने | ५.१.१ नगरपालिकाले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धनका बिषयमा नीति, कानून जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको सुनिश्चित गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | नीति, कानून |
| | | ५.१.२ नगरपालिकाले विधिको शासन प्रवर्द्धन, जनसहभागिता अभिवृद्धी, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो वमोजिम कार्यान्वयन गर्ने | निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत नीति र कार्यक्रम |
| | | ५.१.३ महिला, बालबालिका, जेष्ठनागिरक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती रलैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सम्वन्धि राष्ट्रिय तथा अन्तराष्ट्रीय प्रावधानलाई लागुगर्न नगरपालिकाले श्रोत विनियोजन गरि कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत नीति र कार्यक्रम |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | ५.२ लैङ्गिक तथा सामाजिक रुपमा पछाड पारिएका व्यक्ती र समुह प्रति सेवा प्रदायकलाई उत्तरदायि र जवाफदेही गराउने | ५.२.१ नगरपालिकाले नियमितरुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाटर सूचनाको सार्वजनिकीकरण गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| | | ५.२.२ नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यलाई उपस्थिति गराउने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| | | ५.२.३ नगरपालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकारभेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीयतहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने वातावरण सृजना गर्ने र सोको अभिलेख राखी उठेका प्रश्नउपर नगरपालिकाले सम्बोधन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| | | ५.२.४ नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम सम्पन्न प्रतिवेदन |
| | ५.३ लैङ्गिक तथा समाजिक रुपमा पछाडि पारिएका व्यक्ति र समुदायको सूचना तथा संचारमा पहुँच वढाउने | ५.३.१ नगरपालिकाले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने र महिला, लगायत अन्य सबै लक्षित समुहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | वइभसाइड |
| | | ५.३.२ नगरपालिकाले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | वइभसाइड |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | | ५.३.३ नगरपालिकाले स्थानीय रेडियो, एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | प्रतिवेदन र सम्झौतापत्रहरु |
| | | ५.३.४ नगरपालिकामा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचार सम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | |
| | ५.४ लक्षित समुदायमा प्रभावकारी रुपमा सेवा पुगेनपुगेको एकिन गर्न अनुगमन तथा मूल्याङ्कनका प्रभावकारी गराइने | ५.४.१ नगरपालिकाबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/ नसकेको एकिन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | अनुगमन प्रतिवेदन |
| | | ५.४.२ नगरपालिकाले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमकोअनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषणगर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | अनुगमन प्रतिवेदन |
| | | ५.४.३ महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसंग सम्वन्धित लक्षित कार्यक्रम उपर छलफल गर्ने गरि नगरपालिकास्तरमा समीक्षा बैठकमा गर्ने | प्रत्यक वर्ष मंसिर देखि फाल्गुण | प्रमुख प्रशासकीय अधिकृत | अनुगमन प्रतिवेदन |
| | | ५.४.४ अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथाकार्यक्रम तयार गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | स्वीकृत कार्यक्रम |
| | ५.५ लैससासको प्रवर्द्धनका लागि विभिन्न निकायहरुसंग | ५.५.१ नगरपालिकाले संघ र प्रदेश सरकारले तय गरेकानीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरणगर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | |

| नीति | रणनीति | कार्यनिति | समय अवधि | मुख्य जिम्मेवारी | प्रमाणिकरणका आधार |
|---|---|---|---|---|---|
| | समन्वय र सम्बन्ध बिस्तार गर्ने | ५.५.२ लैङ्गिकसमानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जालनिर्माण गरि कार्यगत छलफल गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम प्रतिवेदन |
| | | ५.५.३ लैङ्गिकसमानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगतसंयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम प्रतिवेदन |
| | | ५.५.४ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गर्ने | २०८० श्रावण देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत | कार्यक्रम प्रतिवेदन |

## ८. लैससास समावेशीकरण रणनीतिको कार्यान्वयनको लागि आवश्यक संस्थागत व्यवस्थाः

लैससास समावेशीकरण रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यन्वयन गर्न निम्न समितिहरु व्यवस्था गरिने छ ।

### ८.१. नगरपालिका स्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिको गठन.

यस नगरपालिकाको लैससास समावेशीकरण रणनीति कार्यान्वयन तथा अनुगमनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ र कर्णाली प्रदेश सरकार लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७८ मा भएको व्यवस्था अनुसार यस नगरपालिकामा निम्नानुसारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति गठन गरिनेछ ।

क) नगर प्रमुख - संयोजक

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) सामाजिक विकास समितिका संयोजक - सदस्य

ङ) कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ महिला सहित ३ जना - सदस्य

च) सामुदायिक सघं संस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित २ जना - सदस्य

छ) लैससास हेर्ने शाखा प्रमुख - सदस्य सचिव

### ८.२. वडास्तरमा लैससास कार्यान्वयन तथा अनुगमन समिति गठन

लेकवेशी नगरपालिकाको वडा तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम कार्यान्वयन र सो को प्रभावकारी रुपमा अनुगमनका लागि देहाय बमोजिमको लैससास कार्यान्वयन तथा अनुगमन समिति सबै वडामा गठन गरिने छ ।

क) वडा अध्यक्ष - संयोजक

ख) वडा सदस्यहरु ४ जना - सदस्य

ग) सामुदायिक सघं संस्थाहरू मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी कम्तिमा १ महिला सहित २ जना - सदस्य

घ) वडा सचिव - सदस्य सचिव

### ८.३. नगरपालिका स्तरिय लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः

नगरपालिका स्तरिय लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, नियमहरू र रणनीति योजनाको अद्यावधिक तथा मार्गदर्शन तर्जुमा र पुनरावलोकन गर्ने,

ख) नीति, नियमहरु र योजनाको कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहजिकरण गर्ने,

ग) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी बजेटको सुनिश्चितता गराउने,

घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने,

ङ) लैससास परीक्षणका लागी कार्यदल गठन गरि नियमित रुपमा निर्धारित समय भित्र लैससास परीक्षण गराउने,

च) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने,

छ) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने,

ज) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

**८.४. वडास्तरीय लैससास कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

वडास्तरीय लैससास समावेशीकरण रणनीति कार्यान्वयन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) बस्ती र वडा तहका योजना तर्जुमा चरणमा लैङ्गिक तथा सामाजिक रुपमा पछाडी पारिएका व्यक्ति र समुदायको अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,

ख) योजना तर्जुमाको क्रममा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने खालका क्रियाकलापलाई प्राथमिकता दिने,

ग) वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने,

घ) वडा तहमा सञ्चालन गरिएका कार्यक्रमहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री गराउन नेतृत्वदायी र समन्वयकारी भुमिका निर्वाह गर्ने,

ङ) वडा कार्यालय र वडा तहमा निर्माण गरिएका र गरिने सार्वजनिक भौतिक पुर्वाधारलाई अपाङ्गतामैत्री, बालबालिकामैत्री, जेष्ठ नागरिक मैत्री, महिला मैत्री, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मैत्री गराउन नेतृत्वदायी र समन्वयकारी भुमिका निर्वाह गर्ने,

च) संघिय, प्रदेश र नगरपालिकाले लैससास प्रवर्द्धन गर्न तय गरेका नीति, योजना, कानून र कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने,

छ) समुदायस्तरमा रहेका सामाजिक संस्थाहरु विशेष गरि स्वास्थ्य आमा समुह, युवाक्लव, बालक्लव, टोल विकास संस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामुदायिक वन उपभोक्ता समुह, खानेपानी तथा सरसफाई समुह, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरुसँग समन्वय र सहकार्य गरि उनीहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितताको लागी परिचालन गर्ने,

ज) वडा भरीमा सञ्चालित कार्यक्रमको अनुगमन गर्ने ।

**८.५. बैठक, कार्यविधि र सेवा सुविधाः**

क) नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा समितिको संयोजकको अध्यक्षतामा बस्नेछ तर अवश्यकता परेमा सो अवधि भन्दा पहिला जति बेला पनि बस्न सक्नेछ ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा समितिको संयोजकको अध्यक्षतामा बस्नेछ ।

ग) नगरपालिका वा नगर स्तरीय समितिको बैठक सम्बन्धित समितिका संयोजकको अनुमति वा आदेशमा सदस्य सचिवले बोलाउनेछ ।

घ) समिति र उपसमितिका बैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ।

ङ) सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ ।

८.६. **सम्पर्क व्यक्तिः**

नगरपालिकाले लैससासलाई संस्थागत गर्नको लागि सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखामा कार्यरत कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी लैससासको सवालहरुलाई सम्बोधन गर्न सहज बनाउनेछ ।

## ९. लैससास समावेशीकरण रणनीति कार्यान्वयनको लागि स्रोत परिचालन

### ९.१. आर्थिक स्रोत

लैससास रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु लेकवेशी नगरपालिकाको प्रमुख दायित्व हुनेछ । नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा नै लैससासलाई समावेशीकरण गर्नु पर्दछ । यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्नेछ । लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

### ९.२. मानवीय स्रोतः

लैससास समावेशीकरण रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिका स्तरीय लैससास कार्यान्वयन समितिको हुनेछ । यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोल स्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन नगरपालिका स्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ । नगरपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार बनाउने छ । लैससास रणनीतिक योजना कार्यान्वयन गर्न सामाजिक विकास शाखा वा महिला तथा बालबालिका शाखाले जिम्मेवारी निर्वाह गर्नेछ ।

## १०. अनुगमन तथा मूल्याङ्कनः

यो रणनीतिक योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ।

१. नगरपालिका स्तरिय लैससास समावेशीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनलाई नगरपालिकाको प्रमुख कार्यका रुपमा लिइनेछ ।

२. अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ ।

३. लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य, उद्देश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मुल्याङ्कन गरिनेछ । हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समिक्षा गरिनेछ र आवश्यकता अनुसार संशोधन गरिनेछ ।

४. अनुगमन र मुल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराईनेछ ।

५. यस योजना बमोजिम गठन हुने नगरपालिका र वडास्तरका लैससास कार्यान्वयन तथा अनुगमन समितिका पदाधिकारी सदस्यहरु, वडा र नगरपालिका तहमा कार्यरत कर्मचारीहरुले नियमित रुपमा लैससासको अनुगमन गर्नेछन् भने नगरपालिका र वडाले तेश्रो पक्षबाट समेत अनुगमन गराउने छ ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूल प्रवाहिकरण रणनीतिको नगरपालिका, वडा र समुदाय सहितको सहभागितामा संयुक्त अनुगमन गरिने छ ।

७. अनुगमनका क्रममा पहिचान भएका प्राप्तिहरुलाई नगरपालिका र वडा स्तरमा हुने समिक्षात्मक वैठकमा प्रस्तुत गरिने छ ।

## ११. सम्भावित जोखिम तथा न्यूनीकरणका उपायहरुः

लैससास समावेशीकरण रणनीतिक योजना कार्यान्वयनमा आउन सक्ने सम्भवित जोखिम तथा सो जोखिम न्यूनीकरणका उपायहरु यस प्रकार रहेका छनः

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनिकरणका उपायहरु |
|---|---|---|
| १ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रति वेवास्ता हुन सक्ने | लैससास प्रति साझा वुझाइ कायम गर्ने र आवश्यक कानूनी, नीतिगत व्यवस्था गर्ने |
| २ | लैससास प्रवर्द्धनका लागि सरोकारवाहरु विच प्रभावकारी समन्वय र सहकार्य कम हुन सक्छ । | नगरपालिका र वडा कार्यालयहरुको अगुवाइ र नेतृत्वमा नियमित रुपमा सरोकारवालाहरु विचमा समिक्षात्मक तथा सिकाइ आदान प्रदान बैठक सञ्चालन गर्ने । |
| ३ | रणनीतिक योजना कार्यान्वयनको लागि स्रोतको व्यवस्थापन | नगरपालिकाको कार्यालय, स्थानीय स्तरमा रहेका संघ संस्थाहरु र सरोकारवालाहरुमा भएको आर्थिक तथा मानविय श्रोतलाई रणनीति योजना कार्यान्वयमा परिचालन गरिने छ । |
| ४ | जातीय तथा सामाजिक छुवाछुत तथा भेदभाव जन्य व्यवहार र प्रचलन | आवश्यक नीति, कानूनको निर्माण गरि प्रभावकारी रुपमा कार्यान्वय गर्नेछ । भने सरोकारवालाहरुसँग समन्वय र सहकार्य गरि विभेद विरुद्धको अभियान सञ्चालन गरिने छ । |